**लागूऔषधरहित परिवारः स्वस्थ जीवनको आधार**

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक २७ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 13 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ७५

# पर्सामा जसपालाई गत वर्षको विरासत कायम गर्न धौधौ

## चारवटै क्षेत्रमा गठबन्धनका उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा

प्रस, वीरगंज, २६ कात्तिक/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको लागि एक साता अवधि बाँकी छ ।



लक्ष्मणलाल कर्ण



अजयकुमार द्विवेदी



प्रदीप यादव



अजयकुमार चौरसिया



सुरेन्द्र कुर्मी




सुरेन्द्रप्रसाद चौधरी



राजकुमार गुप्ता



राजकुमार यादव



रमेश रिजाल



जालीम मियाँ

यसपटकको चुनावमा गठबन्धनका कारण उम्मेदवारहरूको सङ्ख्या पातलिएको छ ।

वाम लोकतान्त्रिक गठबन्धनमा पाँच दल र जसपा–एमाले गठबन्धनमा अघोषित रूपमा राप्रपा, राप्रपा नेपालसमेतको सहकार्यले यसपटकको चुनावमा दलगतभन्दा गठबन्धनका उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । एमालेसँग देशका अन्य भागमा राप्रपा र राप्रपा नेपालले सहकार्य गरे पनि पर्सा जिल्लामा भने उनीहरूबीच सहकार्य देखिएको छैन ।

राप्रपाबाट छुट्टै उम्मेदवाहरू चुनावी मैदानमा छन् भने राप्रपा नेपालबाट जिल्लामा उम्मेदवारी परेको छैन । पर्सा क्षेत्र नं १ मा वाम लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार लोसपाका लक्ष्मणलाल कर्ण, जसपा–एमाले गठबन्धनबाट जसपाका प्रदीप यादव र स्वतन्त्र उम्मेदवार अजय द्विवेदीबीच प्रतिस्पर्धा छ । द्विवेदी नेपाली काङ्ग्रेसबाट टिकट नपाएपछि एमालेबाट टिकटको लागि प्रयासरत थिए तर जसपा–एमालेबीच गठबन्धन भएर जसपाका प्रदीप यादवको टिकट सुनिश्चित भएपछि उनले स्वतन्त्र उम्मेदवारी दिएका हुन् । अहिले त्रिपक्षीय प्रतिस्पर्धा हुने अडकल भएपनि अन्त्यमा यादव र द्विवेदीबीच मुख्यरूपमा प्रतिस्पर्धा हुने अडकल गरिंदैछ ।

पर्सा निर्वाचन क्षेत्र नं २ मा वाम लोकतान्त्रिक गठबन्धनबाट नेकाका अजय चौरसिया तथा जसपा–एमाले गठबन्धनबाट जसपाका सुरेन्द्रप्रसाद कुर्मी चुनावी मैदानमा छन् र यी दुवैबीच नै मुख्यरूपमा टक्कर हुने मतदाताहरूले अडकल काटेका छन् । यो क्षेत्रबाट यसअघिको चुनावमा जसपाका विमलप्रसाद श्रीवास्तव निर्वाचित भएका थिए । श्रीवास्तव यसपटक उम्मेदवार छैनन् । चौरसिया यसअघि श्रीवास्तवसँग पराजित भएका थिए । जसपा–एमाले गठबन्धनबाट जसपाका उम्मेदवार कुर्मी नयाँ अनुहार हुन् ।

पर्सा निर्वाचन क्षेत्र नं ३ मा वाम लोकतान्त्रिक गठबन्धनबाट सुरेन्द्र चौधरी तथा एमाले–जसपा गठबन्धनबाट एमालेका राजकुमार गुप्ताबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । गत चुनावमा यो क्षेत्रबाट जसपाका हरिनारायण रौनियार विजयी भएका थिए । उनीमाथि विशेष अदालतमा मुद्दा रहेकोले उम्मेदवार हुन पाएनन् । उनले यो निर्वाचनमा यो क्षेत्रको २ बाट प्रदेशसभा सदस्यमा छोरी डा मधु गुप्तालाई उम्मेदवार बनाएका छन् । यसै क्षेत्रमा प्रतिनिधिसभा सदस्यका लागि नेपाल सुशासन पार्टीबाट राजकुमार यादव पनि चुनावी मैदानमा छन् । पहिले एमाले र पछि आफैंले नेपाल जनता दल खोलेका उनी यो चुनावमा भने नेपाल सुशासन पार्टीबाट उम्मेदवार भएका छन् । उनको मतको सङ्ख्या पनि राम्रो छ तर मुख्यरूपमा गुप्ता र चौधरीबीच नै प्रतिस्पर्धा हुने मतदाताहरूको अनुमान छ ।

पर्सा क्षेत्र नं ४ मा कुनै बखत एउटै दलमा रहेर एकले अर्कालाई सघाउँदै आएका रमेश रिजाल र जालीम मियाँबीच मुख्य प्रतिस्पर्धा हुने अडकल गरिंदैछ । मियाँ नेका परित्याग गरी माओवादी केन्द्र प्रवेश गरेका थिए भने पछि उनी एमालेमा प्रवेश गरेका हुन् । रिजाल र मियाँबीच पहिले निकै घनिष्ठता थियो । अहिले रिजाल वाम लोकतान्त्रिक गठबन्धनबाट उम्मेदवार छन् भने मियाँ जसपा–एमाले गठबन्धनबाट उम्मेदवार छन् । दुवैजना अहिले एकअर्कालाई पराजित गराउन न्वारनदेखिको बल प्रयोग गर्दैछन् । यो क्षेत्रबाट अघिल्लो चुनावमा जसपाबाट जितेका लक्ष्मणलाल कर्ण यो चुनावमा पर्सा क्षेत्र नं १ मा लोसपाको तर्फबाट वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवार छन् ।

गत निर्वाचनमा पर्सा जिल्लाका चारवटै क्षेत्रमा जसपाले जितेको थियो । अहिले जसपाबाट प्रतिनिधिसभा सदस्यमा दुईजनाको मात्र उम्मेदवारी परेको छ । यसैगरी, २०७० सालको चुनावमा तीन सिट जितेको एमाले गत चुनावमा खाली थियो । यो चुनावमा दुईजना उम्मेदवार छन् । नेपाली काङ्ग्रेसले भने २०७० को चुनावमा एक सिट जितेको थियो भने गत चुनावमा खाली थियो । अहिले सबैभन्दा बढी तीन सिटमा उम्मेदवार छन् ।

### गत चुनावको परिणाम

| | |
|---|---|
| **निर्वाचन क्षेत्र १** | |
| प्रदीप यादव | २१,१३२ |
| अनिल रूँगटा | १६,४८१ |
| विचारी यादव | ५,४१६ |
| **निर्वाचन क्षेत्र २** | |
| विमल श्रीवास्तव | २१,१६९ |
| अजय चौरसिया | १९,७०४ |
| **निर्वाचन क्षेत्र ३** | |
| हरिनारायण रौनियार | १५,१६८ |
| सुरेन्द्र चौधरी | १३,८०१ |
| राजकुमार गुप्ता | १०,९८६ |
| राजकुमार यादव | १०,००९ |
| **निर्वाचन क्षेत्र ४** | |
| लक्ष्मणलाल कर्ण | २०,७३८ |
| रमेश रिजाल | १४,७२० |

# आइतवार रातिदेखि मदिरा निषेध

प्रस, वीरगंज, २६ कात्तिक/

जिल्ला प्रशासन कार्यालय, पर्साले सूचना जारी गर्दै कात्तिक २७ गते राति १२ बजेदेखि मतदान सम्पन्न नहुन्जेलसम्मका लागि पर्सा जिल्लामा मदिरा निषेध गरेको छ ।

जिप्रका, पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले सूचना जारी गर्दै निर्वाचनलाई मध्यनजर गर्दै स्वच्छ, स्वतन्त्र, भयरहित र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्नको लागि मदिरा ओसारपोसार, बिक्री वितरण र सेवनमा कात्तिक २७ गते आइतवार



राति १२ बजेदेखि मङ्सिर ४ गते निर्वाचन सम्पन्न नहुन्जेलसम्मको लागि बिक्री वितरण, ओसारपोसार र सेवनमा प्रतिबन्ध लगाएका छन् ।

उनले यो निषेधको प्रतिकार गर्नेलाई प्रचलित कानून अनुसार कारबाई हुने चेतावनी पनि दिएका छन् ।

# प्रहरी कारबाईप्रति विरोध

प्रस, महोत्तरी, २५ कात्तिक/

महोत्तरी जिल्लाको बर्दिबासमा



शनिवार निर्वाचनविरोधी गतिविधिमा संलग्नहरूलाई प्रहरीले पक्राउ गरेको छ ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीको आयोजनामा निर्वाचनको विरोधमा बर्दिबासमा प्रदर्शनका साथै आमसभा हुँदा प्रहरीले हस्तक्षेप गरेर साउन्ड सिस्टम, झन्डा, ब्यानर नियन्त्रणमा लिएको र नेता, कार्यकर्ताहरूलाई पक्राउ गरेको छ ।

प्रहरीले केन्द्रीय सदस्य मदन प्रभात, रौतहट सचिव क्षितिज लामिछाने, विप्लव समूहका पवनलगायतका नेताहरूलाई पक्राउ गरेको वैज्ञानिक समाजवादी पार्टीका मधेस प्रदेश संयोजक बैधनाथ ठाकुरले बताए । उनले प्रहरी हस्तक्षेपको विरोध गर्दै सामानसहित पक्राउ परेका नेताहरूको रिहाइको माग गरेका छन् ।

# प्रचारप्रसारको गतिविधिले आमजनतालाई सास्ती

प्रस, सेढवा, २६ कात्तिक/

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि उम्मेदवारहरूले प्रचारप्रसार गर्ने विभिन्न गतिविधिका कारण सर्वसाधारणले कठिनाइ भोग्नुपरेको छ ।

मत माग्ने क्रममा घरदैलो, जुलुस, आमसभा, र्‍यालीलगायतका कार्यक्रमको आयोजना गर्ने क्रममा ठूलो सङ्ख्यामा प्रयोग हुने मोटरसाइकल र गाडीहरू तीव्र गतिमा चलाएका कारण कठिनाइ भोग्नुपरेको स्थानीयहरूले गुनासो गरेका छन् ।

सडकमा ससाना बालबालिका खेलिरहेको हुने तथा हाँस–कुखुराहरूबाट सवारी दुर्घटना हुन सक्ने जोखिम रहेको स्थानीयले गुनासो गरे ।

यसका साथै मुख्य सडकमा घर भएकालाई तीव्र गतिका सवारीसाधनबाट उडेको धूवाँ धूलोका कारण घरबाहिर बस्न सक्ने अवस्था नरहेको बताए ।

यसका साथै प्रचारप्रसारका क्रममा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले ठूलो स्वरमा डिजे तथा साउन्ड बक्स बजाउँदै चुनाव प्रचार गर्दा ध्वनि प्रदूषण बढेको छ । चर्को आवाजमा बजेका डिजेका कारण दीर्घरोगी तथा बालबालिकालाई समस्या हुने गरेको स्थानीयले गुनासो गरे ।

# मतदाता रिझाउन उम्मेदवार सक्रिय

प्रमोद यादव, पंचगावाँ, २६ कात्तिक/

पर्साका ग्रामीण क्षेत्रमा अहिले मतदाता रिझाउन गाउँगाउँमा दल र स्वतन्त्र उम्मेदवार र तिनका कार्यकर्ताहरू अहिले मतदाता रिझाउन सक्रिय छन् ।

मतदाता रिझाउनका लागि ग्रामीण क्षेत्रमा मदिरा, मासु र पैसाको खोलो बगाइएको छ ।

सखुवाप्रसौनी गाउँपालिका–२ का प्रभु यादवले अशिक्षित मतदाताहरूलाई प्रभावित पार्ने कार्य भइरहेको बताए । उनले अघिल्ला चुनावहरूभन्दा अहिले धेरैजसो शिक्षित भएका र उम्मेदवारहरूको प्रलोभनमा नपर्ने बताए । मतदाताहरू धेरैजसो शिक्षित छन्, उनीहरूलाई नेताहरूले आश्वासन मात्र दिने र चुनावको मुखमा मात्र सोधखोज गर्ने गरेको कुरा थाहा छ । त्यसैले उम्मेदवारहरूको आतिथ्य स्वीकार गरे पनि मतदान उनीहरूको पक्षमा गर्ने कुरामा सन्देह रहेको बताउँछन् । उनले मतका लागि ठेक्का दिने कार्य पनि प्रायः सकिएको बताए । पहिले मतको ठेक्का लिने/दिने चलन थियो । अहिले त्यस्तो अवस्था छैन । उम्मेदवारहरूले पनि यो कुरा बुझेकाले उनीहरूले यो चुनावमा घरदैलो कार्यक्रम गरी मतदाताहरूसँग प्रत्यक्ष भेट गर्ने गरेको यादवको बुझाइ छ ।

अर्का स्थानीय सुलामन मियाँ दर्जीले पनि अब कसैको प्रभावमा नपरी मतदान गर्ने बताए । उनले भ्रष्टहरूलाई जिताएर पाँच वर्ष पछुताउनुभन्दा सजग भएर असल उम्मेदवारको पक्षमा मतदान गर्ने बताए ।

# पर्सागढीमा वाम लोकतान्त्रिक गठबन्धनको चुनावीसभा

प्रस, बिरुवागुठी, २६ कात्तिक/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य




एवं अनुशासन विभाग प्रमुख आनन्द ढुङ्गानाले संविधान, राष्ट्रियता र लोकतन्त्रको रक्षाका लागि वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी गराउन आह्वान गरेका छन् ।

पर्सागढी नगरपालिका–३ को खेलमैदानमा वाम लोकतान्त्रिक गठबन्धन पर्सागढी नगरस्तरीय कार्यकर्ताको चुनावी भेलामा नेता ढुङ्गानाले सो क्षेत्रबाट गठबन्धनका उम्मेदवार प्रतिनिधिसभा सदस्यमा नेपाली काङ्ग्रेसका अजय चौरसिया र प्रदेशसभा सदस्यमा श्याम पटेललाई मतदान गर्न आग्रह गरे ।

प्रतिनिधिसभा सदस्यका उम्मेदवार अजय चौरसियाले आफू २०५६ सालमा निर्वाचित भएपछि विकास निर्माणका

(बाँकी अन्तिम पातामा)

**घरजग्गा बिक्रीमा**

सिमराजीतपुर उमनपा नरबस्ती (साबिक–पिपरासिमरा वडा नं २,घ) कित्ता नं ४०७ को मोहोडा–२५ फिट (पूर्व–पश्चिम) लम्बाई–६० फिट (उत्तर–दक्षिण) भएको, आठ धुरको घडेरी तुरुन्त बिक्रीमा छ ।

**सम्पर्क**: ९८५११२५३२७/९८४५०३३३२५

## विचारसार र सूक्तिहरू

**कसैसँग बहस गरेर जित्नुको साटो मौन भएर उसलाई पराजित गर्नुहोस्, किनभने जो तपाईंसँग सदैव बहस गर्न तत्पर रहन्छ, त्यसले तपाईंको मौनलाई कहिल्यै सहन गर्न सक्दैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# मनले हारे हार, मनले जिते जीत

संसारका समस्त जीवमध्ये मानवको श्रेष्ठता र प्रभुप्रदत्त वरदानहरूमा मानव मनको सर्वोत्कृष्टता सर्वमान्य छ । सामान्यतया मनको अर्थ हुन्छ–प्राणीहरूको त्यो शक्ति जसबाट विचार, आफन्त–पराई, सुख–दुःख र सङ्कल्पको अनुभूति होस् ।

**मनको निरीक्षण पनि साधारण र संसारमा आसक्त मानिसले गर्न सक्दैन । सात्त्विक बुद्धिले नै मनको निरीक्षण सम्भव हुन्छ । जसरी रगतको एउटा थोपामा लाखौं कीटाणु हुन्छन्, तर तिनलाई नाङ्गो आँखाले हेर्न सकिन्न । वरको बीउ तोरीको दानाजस्तो हुन्छ, तर त्यसमा विशाल वृक्ष लुकेको हुन्छ । यसै प्रकार मनमा पनि करोडौं दूषित संस्कार समाविष्ट हुन्छ ।**

विद्वान्हरूले मनको विभिन्न तरीकाले विवेचना गरेका छन् । चञ्चलता र स्वच्छन्दता मनको नैसर्गिक विशेषता हो । यस कारण वैज्ञानिकहरूको मान्यता के छ भने मानव–मन त्यो जलाशयजस्तो हो, जसको स्थिर पानी हावाको प्रभावले लहरमा परिवर्तित भएर शीघ्र गतिमान हुन पुग्दछ ।

मनोवैज्ञानिकहरूका अनुसार मानव मनमा सबैभन्दा पहिले विचार आउँछ अनि त्यसमाथि मन्थन हुन्छ, त्यस उपरान्त त्यसमा क्रियान्वयन प्रक्रिया आरम्भ हुन्छ । विचार नै व्यक्तिको उत्थान र पतनको आधार हुन्छ । मन परिवेशबाट शीघ्र प्रभावित भएर कर्मेन्द्रिय र ज्ञानेन्द्रियहरूमाथि आधिपत्य स्थापित गर्न पुग्छ । त्यसैले अनुभवी सन्तहरूले मनलाई एघारौं इन्द्रिय मानेका छन् ।

मन नै मानिसको त्यो शक्ति हो, जसद्वारा ऊ नरबाट नारायण र पुरुषबाट पुरुषोत्तम बन्न सक्छ । अर्थात् मनमा उठ्ने विचार यदि श्रेष्ठ छ भने मानिस उन्नतिको शिखरमा पुग्न सक्छ, तर निकृष्ट चिन्तनले उसलाई पतनको गहिरो खाडलमा धकेलिदिन्छ, किनभने मनको स्वाभाविक प्रवृत्ति मनोनुकूल कार्यहरूप्रति सम्बन्धित इन्द्रियलाई शीघ्र प्रभावित गर्ने खालको हुन्छ । यदि मानिसले आफ्नो मनलाई नियन्त्रित गर्न सक्यो भने उसको सबै इन्द्रियमाथि नियन्त्रण हुन्छ ।

शास्त्रकार एवं सन्तहरूले मनलाई नियन्त्रण र परिष्कार गर्नका लागि अनेक जुक्ति बताएका छन् । यजुर्वेदमा भनिएको छ–"मेरो मन शिवसङ्कल्पपरायण होस् र असल विचारहरू धारण गर्न सक्ने होस् ।"

यदि हामीले मनको माध्यमले ठूलाठूला सफलता अर्जित गर्नुछ भने हामीले अन्तःकरणमा उदात्त वैचारिक दृढ सङ्कल्पशक्ति धारण गर्नुपर्छ । अनुभवी सन्तहरूका अनुसार मनलाई नियन्त्रणमा राख्नका लागि पञ्चविकारहरू–काम, क्रोध, मद, लोभ, मोहबाट जोगिएर सद्गुण समावेश गर्नु परम आवश्यक छ । मनको परिष्कारका लागि इन्द्रिय संयम, सन्तहरूको सानिध्य, सत्सङ्ग र विवेक आदिको प्राप्ति हरि–कृपाविना सम्भव छैन ।

मन, प्राणीको शरीरमा त्यो निराकार अंश हो, जुन निरन्तर गतिमान रहन्छ । मन आफ्ना कल्पनाहरूको माध्यमबाट हजारौं वर्ष अघि वा पछि, राजादेखि रङ्कसम्म एक क्षणमा आफ्नो पहुँच बनाउन सक्छ ।

मानिसको मनको दुई रूप छ । एउटा हो–चेतन मन र दोस्रो–अचेतन मन । मनको शक्ति यी दुवैमा समाहित रहन्छ । चेतन मन हाम्रो बौद्धिक प्रगतिमा आधारित हुन्छ । हाम्रा सबै ती कार्य जुन सोचीबुझी गरिन्छ, हाम्रो जाग्रत अवस्थामा हुन्छ । यी कार्य हाम्रो चेतनाद्वारा हुन्छ, जुन चेतन मनको निर्देश अनुसार सञ्चालित हुन्छ । त्यहीं अचेतन मन चेतनाको दास हुँदैन, त्यो सर्वदा उन्मुक्त हुन्छ ।

मनोवैज्ञानिकहरूका अनुसार–अचेतन मन यति सक्षम हुन्छ कि चेतनाको निर्देशको प्रतीक्षा नगरीकनै स्वाभाविकरूपले काम गरिरहन्छ । वास्तवमा अचेतन मन व्यक्तिको आधिपत्यबाट एक प्रकारले टाढा हुन्छ । कहाँसम्म भने कहिलेकाहीं यसको कार्य हाम्रो इच्छाविरुद्ध पनि हुन जान्छ । यो अचेतन मन सुत्दा–जाग्दा प्रत्येक स्थितिमा क्रियाशील रहन्छ । वास्तवमा यो हाम्रो मूल प्रवृत्तिहरूको नै संवाहक हो । यो न कहिले अडिन्छ, न थाक्छ नै । अचेतन मन नै मानिसको शक्तिको भण्डार हो ।

अचेतन मन अन्तर्गत समाहित असल वृत्तिहरूले असल संस्कार र स्थायी ग्रन्थि स्थापित गरिलिन्छन् । ती सहजरूपमा उत्सुकतापूर्वक उत्तम कार्य गर्न अभ्यस्त हुन्छन् । यसविपरीत यदि अचेतन मनमा विषाक्त प्रवृत्तिका ग्रन्थिहरूले वास गरेका छन् भने अचेतन मन स्वयमेव ती अवाञ्छित कर्महरू, विनाकुनै निर्देश गरिरहन्छ ।

अचेतन मनको आधारको रूपरेखा व्यक्तिका विचारबाट नै निर्धारित हुन्छ, जुन भावना, कल्पना र सङ्कल्पहरूको चिन्तन मानिसले दृढतापूर्वक लगातार धेरै कालसम्म गरिरहन्छ । तिनैले मानिसको अचेतन मनमा प्रवेश गरेर स्थिरता धारण गर्न पुग्छन् ।

अन्तरात्माको सङ्केतमा असत्य र दुर्बल विचार र मन्तव्यहरूलाई हटाएर शुभ, सत्य र शिवत्व स्थापित गर्नुपर्छ । व्यक्तिको अचेतन मनमा सात्त्विक भाव दृढ बनाउनका लागि श्रद्धा नै एकमात्र आधारभूत तत्त्व हो । श्रद्धा नै हाम्रो ऊर्जाको भण्डार हो । श्रद्धाविना ज्ञान निष्फल हुन्छ, क्रिया शक्तिविहीन हुन्छ र मनुष्य मात्र क्षुद्र प्राणी बन्न पुग्छ ।

प्रायः मानिसहरू माथिबाट त भजन गरिरहन्छन् तर इन्द्रियहरूबाट विषय–रस पान गरिरहन्छन् । वस्तुतः त्यही लुकेको रसलाई नै खोजीखोजी निकाल्नु जरूरी छ । जबसम्म त्यो रस भित्र लुकिरहन्छ, तबसम्म कल्याणको आशा दुराशा मात्र हो । त्यसैले मनको नित्यप्रति निरीक्षण गर्नु बडो आवश्यक र महत्त्वपूर्ण साधन हो ।

धेरै स्वाध्याय अथवा सत्सङ्गले जो मानिसले कुतर्क प्राप्त गरेको हुन्छ, त्यो अभिमानको जनक भएर उल्टै पतनको कारण बन्न पुग्छ । म आत्मा हुँ । यस्तो भन्ने होइन, अभ्यास गर्ने वस्तु हो । आत्मा बनेर बुद्धिलाई हेर र बुद्धिद्वारा आफ्नो मनलाई हेर । देहाभिमान नै सबै अनर्थहरूको मूल हो, त्यसको समूल अन्त गर्नु नै समस्त आध्यात्मिक प्रक्रियाहरूको आधार हो । देहाभिमानकै कारण कामनाहरूले आफ्नो विनाशकारी प्रभाव देखाउँछन् ।

कामना नै काम, क्रोध र लोभ बनेर ज्ञानलाई आच्छादित गरिलिन्छ । मनलाई वशमा पार्नका लागि नै यस ज्ञानको आवश्यकता छ कि म आत्मा हुँ । आत्मा बनेर मनमा लुकेको कामनाहरूलाई आफ्नो ज्ञानाग्निले भस्म पार्न सकिन्छ । हाम्रो मनले मात्र हाम्रो कल्याण गर्न सक्छ ।

यो मन हाम्रो वशमा हुन सकेन भने ब्रह्मा, विष्णु र महेशले पनि हाम्रो कल्याण गर्न सक्दैनन् ।

**उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।**
**आत्मैव ह्यात्मने बंधुरात्मैव रिपुरात्मनः ॥**

अर्थात् मनुष्यको मनले नै उसको कल्याण गर्ने सामर्थ्य राख्दछ । मन नै मानिसको मित्र हो र मन नै शत्रु पनि ।

विषयहरूका लागि उत्कण्ठित मनमा जब भगवान्प्रति अनुराग जाग्रत हुन्छ, अनि मात्र यस जीवको कल्याण हुन्छ । यसलाई जाग्रत पार्ने एउटा मात्र उपाय यही हो कि मनका अगाडि यस्ता अकाट्य युक्तिहरू प्रस्तुत गरौं कि त्यो विषयहरूबाट उपराम भएर भगवान्को चरणको अनुरागी बन्न पुगोस् ।

विचार गरौं त, रोगीलाई औषधिले निको पार्छ कि रोगको निदानले । वास्तवमा रोगको ठीकठीक निदान भएपछि जब औषधि दिइन्छ अनि रोग बिसेक हुन धेरै समय लाग्दैन । यदि रोगको निदान ठीक भएन, गलत भयो भने औषधिले रोग निको हुनुको साटो प्रतिकूल बनेर झन् हानिकारक बन्न पुग्छ । निदानमा समय लाग्छ, औषधि दिन होइन । औषधि त निश्चित हुन्छ र तयार पाइन्छ ।

यसै प्रकार जब आफ्नो मनको रोगको ठीकठीक निदान हुन्छ त्यसपछि रोग निको हुन समय लाग्दैन । सन्तहरूको सानिध्यमा, सात्त्विक वातावरणमा अथवा सत्सङ्गमा आफ्नो मनको दोष त्यसै प्रकार स्पष्ट देखिन थाल्छ । यस्तोमा बसेर आफ्नो मनलाई हेरौं र आत्मनिरीक्षण गरौं ।

आफैंसँग सोधौं–यति वर्षसम्म माला गन्दागन्दा कैयौं माला खिइए, तर पनि फलानो दोष किन भित्र लुकिबसेको छ ? भजनको प्रभावले काम, क्रोधादि विकार नष्ट हुनुपर्ने, तर ती त भित्रै लुकेर घात गर्ने प्रतीक्षामा बसेका छन् । साथै महात्मा बन्ने अभिमान पनि बढ्छ ।

यस्तोमा यो दृढ निश्चय गरौं कि यी लुकेका शत्रुहरूलाई निकाल्नु छ । निश्चयको दृढताले लक्ष्यको मार्ग प्रशस्त पार्छ र यस प्रकारको निश्चय श्रेष्ठ वातावरणमा नै सम्भव छ । शारीरिक रोगका लागि मानिस पानीजस्तै पैसा बगाउँछ । घरको सामान बेचेर तथा ऋण लिएर पनि रोगबाट मुक्त हुन चाहन्छ, तर मनका रोगहरू हटाउन मानिसले थोरै पनि ध्यान दिंदैन । जब शरीर छुट्छ र यो प्राणपखेरू अनन्ततर्फ उड्छ त्यस बेला कुन आफन्त र सम्बन्धी काम लाग्छ ?

मनको निरीक्षण पनि साधारण र संसारमा आसक्त मानिसले गर्न सक्दैन । सात्त्विक बुद्धिले नै मनको निरीक्षण सम्भव हुन्छ । जसरी रगतको एउटा थोपामा लाखौं कीटाणु हुन्छन्, तर तिनलाई नाङ्गो आँखाले हेर्न सकिन्न । वरको बीउ तोरीको दानाजस्तो हुन्छ, तर त्यसमा विशाल वृक्ष लुकेको हुन्छ । यसै प्रकार मनमा पनि करोडौं दूषित संस्कार समाविष्ट हुन्छ ।

यस्तोमा के आवश्यक छ भने हामी तिनलाई देख्न सक्ने दृष्टि बनेर सावधानीपूर्वक निरीक्षण गरौं । यस जीवनको एकएक सास बहुमूल्य छ, त्यसलाई खेर जान नदिउँ । के थाहा, यो भित्रबाट निस्कने सास पुनः भित्र नजाओस् । त्यसैले यस्तो निश्चय अवश्य राखौं कि हाम्रो मन पतनतर्फ नजाओस् । कम्तिमा यस्तो शुभ सङ्कल्प त रहोस् कि आगामी जन्ममा मनुष्यकै चोला पाइयोस् । शुभ भावनाले मनलाई दिशा दिन्छ । भावना स्वच्छ राख्नाले मन सन्तुलित रहन्छ ।

# दुर्लभ जलजन्तु डल्फिनहरू


डल्फिनहरू स्तनपायी जलजन्तुहरू हुन् । यिनीहरू समुद्रको नुनिलो पानी र नदीको स्वच्छ जलमा पनि पाइन्छन् । यिनीहरू मनुष्यपछि दोस्रो चेतनशील बुद्धिमान् प्राणी मानिन्छन् र विचारशक्ति भएकोले आफ्नो मनका संवेदनाहरू एकअर्का छेउ पुऱ्याउन सक्छन् । मनुष्यसँग यिनीहरू मित्रवत् व्यवहार गर्ने गर्छन् । यिनको स्मरणशक्ति मनुष्यको जस्तो तेज हुन्छ । मत्स्याकार भएकाले पुच्छर तथा पखेटाहरूको सहायताले यिनीहरू द्रुत गतिमा पौड्न सक्छन् ।

यिनीहरू सामाजिक प्राणी हुन् । नवजात शिशुहरू हुर्काउन केही डल्फिनहरू धाई आमा र रक्षकको रूपमा सहयोगी रहन्छन् । माछाको शिकार पनि यिनीहरू समूहमा नै गर्छन् । यिनको पेटभित्र अलि ठूलो आकारको एउटा मात्र फोक्सो रहेको हुन्छ । टाउकोको माथिल्लो भागको बीचमा एक सानो आकारको प्वाल हुन्छ । त्यसद्वारा यिनीहरूले केही छिनको अन्तरालमा पानीको सतह या पानीबाट टाउको बाहिर निकाली श्वासप्रश्वास क्रिया गर्छन् र यिनीहरू अर्द्धनिद्रामा सुत्ने भएकाले सुतेको बेला पनि पानीको सहतसम्म आफैं निस्कने र डुब्ने गर्छन् ।

**डल्फिनका प्रजातिहरू**

पृथ्वीमा जम्मा ३९ किसिमका डल्फिन पाइन्छन् । नेपालका कोशी, नारायणी, कर्णाली र मोहना नदी तथा भारतमा गङ्गा, घाघरा, ब्रह्मपुत्र र सोन नदीमा पाइने डल्फिनहरू गङ्गा नदी प्रजातिका Ganges River Dolphin या Platanista Gangetica भनिन्छन् । यसै प्रकार पाकिस्तानको सिन्धु नदी जलक्षेत्रमा पाइने डल्फिनहरूलाई Platanista Gangetica Minor भनिन्छन् । यिनीहरूको आँखामा क्रिस्टलाइन लेन्स (Crystalline Lens) नभएकोले यिनीहरू देख्न सक्दैनन् र यिनलाई अन्धा जलजन्तु भनिन्छ । परन्तु यिनीहरूले निकालिरहने आवाजको प्रतिध्वनिबाट पानीभित्र रहेका कुनै पनि चीज, प्राणी, माछा र शत्रु जन्तुको सही उपस्थिति तुरुन्तै चाल पाउँछन् । दक्षिण अमेरिकाको ब्रजील देशमा बग्ने अमेजन नदी र यसै देशको उत्तरी सिमानासँग जोडिएको देश भेनेजुएलाको ओरिनोको नदी जलक्षेत्रमा पाइने डल्फिनहरूलाई Amazon River Dolphins Boto of Inia Geoffrensis भनिन्छ । यिनका आँखा केही ठूला र गोलाकार तथा देख्ने शक्ति तीक्ष्ण रहेको मानिन्छ ।

नदीका डल्फिनहरू विभिन्न कारणले नाश हुँदै गएर विश्वका धेरै नदीबाट लोप भइसकेका छन् । चीनको याङ्सी नदीका डल्फिनहरू पनि गत दशकदेखि लोप भइसकेका छन् । मुख्यतः यिनको बोसोबाट प्राप्त हुने तेल र मासुको लागि यी मारिन्छन् । बढ्दो जल प्रदूषण, चोरी, शिकार, विना जल भऱ्याङ निर्माण गरिएका नदीका बाँधहरू तथा रूख जङ्गल कटानका कारण बगेर आउने माटोबाट नदीको गहिराइ पुरिएर यिनीहरू विचरण गर्ने जलक्षेत्रमा परेको नकारात्मक प्रभावले यिनको सङ्ख्या कम हुँदै गएको मानिन्छ । डल्फिनहरू ठूला नदीहरूमा माछा मार्नमा प्रयोग गरिने जलपासोहरूमा अल्झी पानीभित्रै सास फेर्न नपाई यिनीहरू निसासिएर मर्ने गर्छन् । यसरी मारिने डल्फिनहरू परिभ्रमणको क्रममा त्यहाँ पुगेका नेपालका डल्फिनहरू नहोलान् भन्न सकिन्न । यस प्रकार डल्फिनहरूको जन्मदरभन्दा मृत्युदर धेरै भएकोले यिनीहरू लोप हुने अवस्थामा पुगिसकेका




छन् ।

नेपाल–भारत सिमानाको कैलाली जिल्लामा करीब ८० किलोमिटरसम्म बग्ने वर्षायामबाहेक अन्य मौसममा प्रायः तीन फिटसम्म गहिरो रहने मोहना नदी र यसका सहायक पथरैया, काँढा कन्द्रा, कटेनी, घुराहा र खुटिया नदीहरूमा हरेक वर्ष वर्षायामभरि अस्थायी प्रवासमा कर्णाली नदी भएर आउने जलजन्तु सुसु (स्वांसु) डल्फिनलाई २०/२५ वर्ष पहिलेसम्म पनि स्थानीय बासिन्दाहरू सुसु प्रजातिको ठूलो माछाको रूपमा चिन्दथे । यिनीहरू स्तनधारी हुन् र मानिसझैं श्वासप्रश्वास क्रिया गर्ने गर्छन् भन्नेबारे यहाँका धेरैलाई थाहा नै थिएन । त्यसैले होला यिनीहरूलाई सुसु माछाको नामले सम्बोधन गरिन्थ्यो । केही वर्ष पहिलेसम्म पनि कैलालीको सदरमुकाम धनगढीमा गरिने वन वातावरण तथा वन्यजन्तु गोष्ठीहरूमा यिनीहरूबारे चर्चा उठाइँदा सहभागीहरू विश्वास नगरी कुनै प्रजातिका उफ्रने माछाहरू होलान् भनी लख काट्ने गर्दथे । स्वदेशी या विदेशी डल्फिन विशेषज्ञहरूले यिनीहरूको उपस्थितिबारे कुनै पनि पुस्तकमा विवेचना गरेको थाहा पाइएको छैन । परन्तु परापूर्वकालदेखि नै यिनीहरू मोहना नदी जलक्षेत्रमा असार महीनादेखि नै जलस्तरमा वृद्धि भएपछि अविरलरूपमा आउने र असोज महीनामा जलस्तर घटी सामान्य रहेपछि फर्किजाने गर्छन् । भारत, बङ्गलादेश र नेपालका सुसु (स्वांसु) डल्फिनहरू गङ्गा नदी प्रजातिका डल्फिन हुन् र यिनीहरू अन्य प्रजातिका डल्फिनहरूभन्दा प्राचीन भएका मानिन्छन् । यिनको संरचनामा लाखौं वर्षदेखि अहिलेसम्म पनि केही परिवर्तन नआएकाले यिनीहरूलाई 'जीवित जीवाष्म' (Living Fossils) भनिन्छ ।

नेपालका कोशी, नारायणी र कर्णाली नदीहरूमा पनि डल्फिनहरू बाऱ्है महीना रहने गर्छन् । यिनीहरू फिरन्ते स्वभावका हुन्छन् । आहाराको खोजी तथा बच्चाहरू हुर्काउन यिनीहरू बङ्गालको खाडीको सिमानादेखि बङ्गलादेश, भारत तथा नेपालसम्म विभिन्न नदीहरू हुँदै भ्रमण गर्ने गर्छन् भन्ने विशेषज्ञहरूको विश्वास रहेको छ । नदीहरूमा निर्माण गरिएका बाँधहरूका ढोकाहरू बन्द गरिएको समय बाँधको वारिपारि आवतजावत गर्न नसके तापनि ढोकाहरू खोलिएको बेला यिनीहरू सजिलैसँग आउने जाने गर्न सक्छन् । तापनि बाँधहरू यिनीहरूको स्वच्छन्द विचरणको लागि अवरोध रहेका हुन्छन् । मोहना नदी कर्णाली नदीको सहायक रहेको र कर्णाली नदी भारतको उत्तर प्रदेश राज्यमा प्रवेश गरेपछि पहिले कौडियाल र पछि घाघरा नदीको नामले चिनिन्छ । घाघरा नदी पनि चौका नदीलाई आफूमा समेट्दै बिहार राज्यको छपरा जिल्लाको डोरीगंज भन्ने ठाउँमा गङ्गा नदीमा मिसिन्छ र गङ्गा नदी अगाडि बढ्दै भारतको पश्चिम बङ्गाल राज्यमा दुई भागमा विभक्त भई पश्चिमपट्टि हाबडा नदीको नामले बङ्गालको खाडी तथा पूर्वपट्टि बङ्गलादेशमा पद्मा नदीको नामले बङ्गालको खाडीमा नै मिल्छ । यस प्रकार मोहना नदी कर्णाली नदीको माथिल्लो धार हुँदै भेरी नदी र कर्णाली नदीको तल्लो धारबाट अलग गएको गेरुवा नदी साथै कर्णाली, घाघरा, गङ्गा र पद्मा नदीहरू हुँदै बङ्गालको खाडीसँग जोडिएको छ । अतः बङ्गलादेश तथा भारतमा पाइने गङ्गा नदीका डल्फिन र कर्णाली नदीका रैथाने डल्फिनहरू वर्षायाममा मोहना नदी जलक्षेत्रमा अस्थायी प्रवासमा आवतजावत गर्ने गर्दा रहेछन् भन्नेबारे सजिलैसँग अनुमान लगाउन सकिन्छ ।

डल्फिनहरूमा पाइने सम्भावित आनुवांशिक विविधताको अध्ययन नेपाल, भारत र बङ्गलादेशका डल्फिनहरू विचरणको क्रममा कहीं न कहीं आपसी सम्पर्कमा आउनु स्वाभाविक नै हो । यस स्थितिमा यी तीनै देशका डल्फिनहरूको आनुवांशिक प्रदूषण फैलिएको सम्भावनालाई नकार्न सकिंदैन र लाखौं वर्षमा विकसित भएको आनुवांशिक गुणको विशिष्टतामा विखण्डनको खतरा आएको हुन सक्छ । अर्कोतर्फ विभिन्न क्षेत्रमा रहेका डल्फिनहरूबीच संसर्ग भई आनुवांशिक विविधता (Genetic Diversity) बढ्ने सम्भावना पनि त्यत्तिकै रहन्छ । अतः यस सम्पूर्ण जलक्षेत्रका केही डल्फिनहरूको संयुक्तरूपमा आनुवांशिकी अध्ययन गरिनु आवश्यक छ । यस प्रकार नेपालमा पाइने डल्फिनहरूको आनुवांशिक धरोहर (Genetic Heritage)लाई सुरक्षित राख्नको लागि यहाँ साना नदीहरूमा बाँध बाँधी जलाशय निर्माण गरेर यिनीहरूलाई यही रोकी विशेषज्ञहरूबाट अध्ययन गराइनु आवश्यक छ ।

काँढा र पथरैया नदीहरूको सङ्गमस्थल बर्धवाघाट तथा पथरैया तथा मोहना नदीहरूको सङ्गमस्थल कालाकुण्डाघाट (नेपाल) सम्भवतः विश्वभरि नै सबैभन्दा नजीक किनाराबाट ५–१० मिटरको दूरीमा पनि डल्फिन देखिन सकिने जलक्षेत्र हुन् । मोहना नदीका नेपाल तथा भारत दुवैतर्फ बसोबास गर्ने स्थानीय नेपाली र भारतीयहरूले यिनीहरूलाई सदा आदरको दृष्टिले हेरी यिनीहरूप्रति सद्भावना राख्दै आएका छन् । यिनीहरू डल्फिनप्रेमी हुन् र यस मोहना नदी जलक्षेत्रमा कसैबाट डल्फिनको हत्या या शिकार गरिएको थाहा पाइएको छैन । विश्वभरि नै डल्फिन संरक्षणमा यो एक उदाहरणीय पक्ष हो । यस प्रकार मोहना नदी जलक्षेत्रभित्र पर्ने नेपाल र भारतका स्थानीय निवासीहरूको डल्फिन संरक्षणमा अतुलनीय योगदान रहिआएको छ र निश्चय नै यिनीहरू संसारभरका डल्फिनप्रेमीहरूको धन्यवादका पात्र मानिनुपर्दछ । संरक्षणका लागि डल्फिन प्रजनन केन्द्रको आवश्यकता कोलकातास्थित वानस्पतिक उद्यानका अधिक्षक (सुपरिन्टेन्डेन्ट) ब्रिटिश नागरिक, वनस्पतिशास्त्री विलियम राक्सवर्गले सन् १८०१ मा गङ्गा नदीका डल्फिनहरूको वैज्ञानिक नाम प्लाटानिस्टा गङ्गेटिका (Platanista Gangetica) राखेका हुन् । सन् १९७५ को जुलाई १ देखि लागू भई सन् २०१७ सम्म १८० देश सदस्य भइसकेका साइटिस महासन्धिको अनुसूची एक अनुसार डल्फिनहरू संरक्षित प्राणी भएकाले यिनीहरूको हत्या चोरी, शिकार तथा व्यापारमा सदस्य राष्ट्रहरूबाट पूर्ण रोक

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# दक्षिणपूर्वी एशियाली देशसँग सम्बन्ध विस्तारमा अमेरिका

नोमपेन, २६ कात्तिक/एपी

दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आशियान)को शिखर सम्मेलनमा


अमेरिकी राष्ट्रपति जो बाइडेन। तस्वीरः एपी

सहभागी हुन अमेरिकी राष्ट्रपति जो बाइडेन अमेरिकाबाट कम्बोडियातर्फ प्रस्थान गरेका छन्। आशियान क्षेत्रमा चिनियाँ प्रभाव विस्तार भइरहेको सन्दर्भमा अमेरिकी राष्ट्रपतिले त्यसलाई सन्तुलनमा राख्न सदस्य देशसँग अमेरिकी प्रतिबद्धता जाहेर गर्नेछन्।

अमेरिकी राष्ट्रपतिको शिखर सम्मेलनमा भाग लिनुको प्रमुख उद्देश्य आर्थिक एवं सैन्य सामर्थ्यका दृष्टिले शक्तिशाली प्रतिद्वन्द्वी चीनका राष्ट्रपति सी जिनपिङसँगको प्रत्यक्ष भेटवार्ताका निम्ति वातावरण बनाउनु हो। राष्ट्रपतिमा निर्वाचित भएपछि उनले आफ्ना चिनियाँ समकक्षीलाई प्रत्यक्षरूपमा भेटेका छैनन्।

यही कात्तिक २९ र ३० गते इन्डोनेशियाको बालीमा हुने विश्वका प्रमुख विकसित र उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी-२० शिखर सम्मेलनका क्रममा उनले यही कात्तिक २८ गते चीनका राष्ट्रपति सी जिनपिङलाई भेट्नेछन्।

शनिवार यहाँ आएका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले समुद्रमा चीनका अवैध एवं अनियमित गतिविधि तथा समुद्रमा जहाज सञ्चालन गर्न पाउने स्वतन्त्रतालगायत विषयमा आशियान नेतासँग राष्ट्रपति बाइडेनले छलफल गर्ने बताएका छन्। दक्षिण चीन सागरको विवादलाई लिएर उनले आशियान नेतासँग बेइजिङविरुद्ध अमेरिकी दृढता व्यक्त गर्ने सल्लाहकार सुलिभानले बताए।

अन्तर्राष्ट्रिय कानून अनुसार समुद्रमा र त्यसमाथिको आकाशमा जहाज सञ्चालन गर्न पाइन्छ तर चीनले त्यसलाई अस्वीकार गर्दै आएको छ। त्यसबाट अस्थिरता हुने चीनको बुझाइ छ र यसै विषयमा चीन र अमेरिकाबीच विवाद छ। आशियान र अन्य देशका लागि प्रतिकूल हुने काम गर्न नहुने र यस क्षेत्रको स्थायित्वका निम्ति अमेरिकी भूमिका मुख्य हुने सल्लाहकार सुलिभानले बताएका छन्। रासस

# राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक -जेक सुलिभान

वाशिङ्टन, २६ कात्तिक/एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेन यस वर्षको जी-२० शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्न उत्सुक रहेको अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले शुक्रवार उल्लेख गरेका छन्। भारतले आगामी डिसेम्बरको १ देखि जी-२० को अध्यक्षता गर्दैछ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा सुलिभानलाई प्रधानमन्त्री मोदीले ह्वाइट हाउसको भ्रमण गर्ने हो कि भनेर सोधिएको प्रश्नको जवाफमा उनले भने, "भारत अर्को वर्ष जी-२० को अध्यक्ष हो र राष्ट्रपति बाइडेन जी-२० मा सहभागी हुन चाहनुहुन्छ र सम्भवतः भेट त्यतै हुनेछ।" राष्ट्रपति बाइडेनको पदभार ग्रहण लगत्तै प्रधानमन्त्री मोदी ह्वाइट हाउस पुगेका थिए।

"दुई नेताले पटक-पटक फोन वार्ता र भिडियो वार्ता गरिरहनुभएको छ। अमेरिका-भारत साझेदारीलाई बलियो बनाउनेलगायतका दुई पक्षीय चासोका मुद्दामा दुई नेताबीच छलफल भइरहेका छन्। राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक हुनहुन्छ," सुलिभानले भने।

यसअघि शुक्रवार राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रसङ्घको २७औं जलवायु


अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान। तस्वीरः एएनआई

परिवर्तन सम्मेलन (कोप-२७) को छेउमा इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग पनि भेटवार्ता गरेका थिए।

इतिहासमा सबैभन्दा ठूलो हरितगृह ग्याँस उत्सर्जन गर्ने देश भएकोमा अमेरिकाले व्यापक आलोचनाको सामना गरिरहेको बेला राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रसङ्घको जलवायु वार्तालाई सम्बोधन गरेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ। जी-२० अन्तर्राष्ट्रिय आर्थिक सहयोगको लागि प्रमुख मञ्च हो, जसले विश्वव्यापी जिडिपीको लगभग ८५ प्रतिशत, विश्वव्यापी व्यापारको ७५ प्रतिशतभन्दा बढी र विश्व जनसङ्ख्याको लगभग दुई तिहाइको प्रतिनिधित्व गर्दछ।

जी-२० अध्यक्षताको अवधिभर भारतले देशका विभिन्न स्थानमा लगभग २०० वटा बैठक आयोजना गर्नेछ। अर्को वर्ष हुने जी-२० शिखर सम्मेलन भारतले आयोजना गर्ने सबैभन्दा उच्च महत्त्वको अन्तर्राष्ट्रिय सम्मेलनमध्ये एक हुनेछ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – कान्तिक्षय |
| मिथुन – सुयश | कर्कट – खर्चवृद्धि |
| सिंह – मनोरञ्जन | कन्या – सफलता |
| तुला – अस्वस्थता | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


### दुर्लभ जलजन्तु डल्फिन ...

लगाइएको छ। गङ्गा नदीका डल्फिनहरू नेपाल, भारत र बङ्गलादेशमा हिमालयको फेदीदेखि बङ्गालको खाडीसम्म करीब छ हजार किलोमिटरको जलक्षेत्रमा विभिन्न नदीहरू हुँदै विचरण गर्ने गरे तापनि यिनीहरूको सम्पूर्ण लेखाजोखा सम्बन्धित देशका सरकारहरूसँग पनि छैन। इन्डियन म्युजियमका अधिक्षक जान एन्डर सनले सन् १८७९ मा दिल्लीनजीक यमुना नदीमा डल्फिनहरू ज्यादै सङ्ख्यामा देखिन्थे भन्ने वर्णन गरेका छन्।

परन्तु अब यिनको नामोनिसान बाँकी नरही ४० वर्ष पहिलेदेखि नै यमुना नदीबाट यिनीहरू हराइसकेको मानिन्छ।

विश्वका संरक्षित स्तनधारी जन्तुहरूमध्ये खाली दुर्लभ डल्फिन नै एकमात्र जलजन्तु हो, जसले उचित मानव संरक्षण नपाएकोले आउँदो केही दशकभित्र नै विश्वबाट लोप हुने अवस्थामा पुगिसकेकोबारे विज्ञहरूले चिन्ता व्यक्त गरिसकेका छन्। यसमा संरक्षणवादी सङ्घसंस्थाहरू तथा डल्फिन विद्यमान रहेका देशका सरकारहरूले गम्भीर भएर लाग्नुपर्ने देखिन्छ।

**भोजराज श्रेष्ठ (गुलेली बाजे)**
**डल्फिन संरक्षण केन्द्र**
**भजनी, कैलाली**


**बालश्रम दण्डनीय अपराध हो,**
**बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।**

**वीरगंज महानगरपालिका कार्यालय**


# उम्मेदवारसँग मतदाताको अपेक्षा

जनकपुरधाम, २६ कात्तिक/रासस

बलुवा खोलामा पुल निर्माण नहुँदा बर्सेनि वर्षायाममा डुबान र कटानको


नमूना मतदान। तस्वीरः रासस

समस्या भोग्दै आएका धनुषाधाम नगरपालिकाको सरसा, रामपुर, लवटोलियासहित एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्।

धनुषाधाम बजारसम्म आवतजावत गर्ने सो क्षेत्रका स्थानीय एकातिर खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम छ।

"आफ्नो गाउँदेखि पाँच किलोमिटरको दूरीमा रहेको धनुषाधाम बजारसम्म पुग्न ठूलो समस्या छ," रामपुरकी श्यामादेवी यादवले भनिन्, "पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर बजारसम्म पुग्ने गर्छौं, कतिपयले घुमाउरो बाटोको प्रयोग गरेर पुग्ने गर्छन्।"

बाढीको समयमा दुई महीनासम्म त स्थानीयवासीलाई आवतजावत गर्न गाह्रो हुने गरेको यादव बताउँछन्। यो समस्याबारे वडा र नगरका जनप्रतिनिधिदेखि मन्त्रीसम्म पनि अवगत गराएँ पनि खोलामा पुल निर्माणका लागि कुनै पहल हुन सकेको छैन। पुल निर्माण भएमा गाउँदेखि धनुषाधाम बजारसम्म पाँच किलोमिटर जति दूरी पर्नेछ।

बालुवा खोलाको बाढीले बर्सेनि गर्दै आएको क्षतिबारे स्थानीयले जनप्रतिनिधिदेखि ठूला नेतालाई गुहार्दै आए पनि सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। "खोलामा पुल नबन्दा भोग्नुपरेको पीडाका बारेमा चारैतिर गुहार्दै आएका छौं, तर हाम्रो कुरा अहिलेसम्म कसैले सुनेनन्," रामपुरकै सीतादेवी भन्छिन्, "निर्वाचित भएदेखि नै धनुषाधाम नगरपालिकाका जनप्रतिनिधिलाई समेत खोलाले पुर्‍याउँदै आएको क्षति र पुलको आवश्यकताबारे ध्यानाकर्षण गराए पनि केही हुन सकेको छैन।" केही महीना अघि केही प्राविधिक गएर पुलको नापनक्शा गरे पनि पुल निर्माणको कुनै काम अघि बढ्न सकेको छैन।

त्यसैले अब खोलामा तटबन्धनसँगै पुल निर्माण सुनिश्चित गर्ने उम्मेदवारलाई मङ्सिर ४ गते हुन गइरहेको प्रनितिधिसभा र प्रदेशसभा निर्वाचनमा मतदान गर्ने स्थानीय मतदाताको भनाइ छ।

चुनावका बेला मत लिन ठूला-ठूला आश्वासन बाँड्ने नेता पदमा पुगेपछि बिर्सिने गरेको लवटोलियाका रामचन्द्र साहले बताए। उनले भने, "अब जसले हाम्रो कुरालाई मनन गर्छ र खोलामा तटबन्ध र पुल बनाउने सुनिश्चितता गर्छ, हाम्रो मत उहाँलाई नै जान्छ।"

यता धनुषाधाम नगरपालिकाका निवर्तमान नगरप्रमुख बालेश्वर मण्डलले बलुवा खोलामा पुल निर्माणका लागि पहल गरे पनि सफल हुन नसकेको बताउ। "पुल निर्माणका लागि चाहिने जति बजेट नगरपालिकाकासँग भएन, त्यसैले सङ्घीय सरकार र प्रदेश सरकारसँग पहल गरेको थिएँ," निवर्तमान नगरप्रमुख मण्डलले भने, "पछिल्लो समय के प्रगति भयो, त्यो मलाई थाहा भएन।" यद्यपि यस विषयमा आफूले पहल गरिरहेको उनको भनाइ थियो।

धनुषाको क्षेत्र नं १ मा पर्ने सो क्षेत्रका स्थानीयले आसन्न निर्वाचनमा ठोस प्रतिबद्धता जनाउनेलाई नै मतदान गर्ने बताएका छन्। उक्त क्षेत्रमा प्रनिनिधिसभा सदस्यका लागि पाँच दलीय गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का उपमहासचिव मातृकाप्रसाद यादव, एमाले-जसपा गठबन्धनबाट जसपाका नेता दीपक कार्की र जनमत पार्टीबाट किशोरी साह (कमल)लगायतका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

# धनुषा क्षेत्र नं ३ : गठबन्धन र एमालेबीच प्रतिस्पर्धा

धनुषा, २६ कात्तिक/रासस

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा धनुषा क्षेत्र नं ३ मा मुख्यरूपमा पाँच दलीय गठबन्धन र विपक्षी गठबन्धन नेकपा (एमाले)बीच प्रतिस्पर्धा हुने देखिएको छ। धनुषाको यो निर्वाचन क्षेत्रबाट यसअघि लोकतान्त्रिक समाजवादी पार्टीका नेता राजेन्द्र महतो निर्वाचित भएका हुन्।

आसन्न निर्वाचनमा पाँच दलीय गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता अनिल झा र विपक्षी गठबन्धन एमालेबाट नेत्री जुलीकुमारी महतो चुनावी प्रतिस्पर्धामा छन्।

एमाले उम्मेदवार महतो विसं २०७० को दोस्रो संविधानसभा निर्वाचनमा काङ्ग्रेस नेता विमलेन्द्र निधिसँग पराजित भएकी थिइन् भने २०७४ मा समानुपातिक सांसद भएकी थिइन्।

२०७४ का दुई बलिया प्रतिस्पर्धी लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो र काङ्ग्रेस नेता निधि यसपटक यो क्षेत्रको प्रत्यक्ष चुनावी प्रतिस्पर्धामा छैनन्।

२०७४ मा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)बाट महतोले काङ्ग्रेस नेता निधिलाई पराजित गरेका थिए। निधिले यसपटक समानुपातिक रोजेका छन् भने महतो गृह जिल्ला सर्लाही-२ बाट उम्मेदवार बनेका छन्।

यस्तै, सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बनेका झा २०७४ को निर्वाचनमा रौतहट-१ बाट प्रत्यक्ष निर्वाचित भएका थिए। यसपटक पाँच दलीय भागबन्डामा रौतहट-१ मा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल उम्मेदवार बनेपछि झाले धनुषा-३ मा उम्मेदवारी दिएका हुन्।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको मतपरिणाम हेर्दा सत्ता गठबन्धनको अवस्था बलियो देखिएको छ। धनुषा क्षेत्र नं ३ मा जनकपुरधाम उपमहानगरपालिकाका १७ सहित जम्मा ३८ वटा वडा पर्छन्। जनकपुरधामबाहेक नगराइन नगरपालिकाका सबै नौवटा वडा, मुखियापट्टि मुसहरनिया गाउँपालिकाका सबै छवटा वडा, धनौजी गाउँपालिकाका सबै पाँचवटा वडा र विदेह नगरपालिकाको एउटा वडा यस निर्वाचन क्षेत्रमा पर्छन्।

क्षेत्रभित्रको ३८ मध्ये आधा अर्थात् १९ वटा वडा एक्लै नेपाली काङ्ग्रेसले जितेको छ। दोस्रो स्थानमा एमालेले ११, जसपाले चार, लोसपाले तीन र एकीकृत समाजवादीले एक वडामा जीत निकालेको छ।

स्थानीय चुनावमा ३८ वटा वडाको वडाध्यक्षले पाएको मत अनुसार काङ्ग्रेसको २२ हजार ४२९ मत छ। दोस्रोमा एमालेको १६ हजार १६ मत छ। जसपाले आठ हजार २२४ र लोसपाले एक हजार १६३ मत प्राप्त गरेका छन्।

त्यस्तै, एकीकृत समाजवादीले तीन हजार ७१३ र सबैभन्दा कम नेकपा (माओवादी केन्द्र)ले ६५६ मत प्राप्त गरेको निर्वाचन आयोगको तथ्याङ्कमा छ। एमालेका तर्फबाट उम्मेदवार बनेकी महतोले यस क्षेत्रको विकास, समृद्धि र सुशासन नै आफ्नो प्राथमिकता रहेको बताइन्। उनले जनताले विश्वास गरेको पार्टी र आफू जनताले विश्वास गरेको उम्मेदवार भएको दाबी गरिन्।

गठबन्धनका तर्फबाट उम्मेदवार बनेका झाले आफूहरूको मुख्य मुद्दा सङ्घीयतालाई स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले जनकपुरधामलाई मधेस प्रदेशको राजधानी बनाउन आफ्नो महत्त्वपूर्ण योगदान रहेको र राजधानीको योजनाबद्ध विकास नै आफ्नो प्राथमिकता रहेको बताए।

# तीन तहमैं एकीकृत निर्वाचन सुरक्षा कक्ष सञ्चालनमा -सेना

काठमाडौं, २६ कात्तिक/रासस

नेपाली सेनाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा केन्द्र, प्रदेश र जिल्लामा एकीकृत निर्वाचन सुरक्षा कक्ष स्थापना गरी सञ्चालनमा ल्याएको छ। मतदानस्थल सुरक्षा, मतदान सामग्री ढुवानी, जगेडा, हवाई गस्तीलगायत निर्वाचनसम्बन्धी सम्पूर्ण सुरक्षाका लागि करीब ७५ हजार जनशक्ति खटिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

निर्वाचन सुरक्षार्थ ७७९ स्थानमा फौज परिचालित भई तैनाथ भइसकेको जानकारी दिइएको छ। सेनाले मतदानस्थलमा बाहिरी घेरामा रही सुरक्षा प्रदान गर्नेछ। सेनाले निर्वाचन सुरक्षाका सन्दर्भमा हालसम्म ८३२ बम डिस्पोजल टोली परिचालन गरिसकेको छ भने बाँकी १४३ टोली तयारी अवस्थामा रहेको जानकारी दिएको छ।

निर्वाचन आयोग परिसरमा निर्वाचन प्रयोजनका लागि आवश्यक सामग्री प्याकिङ गर्न खटिएका एक सय सैनिक जनशक्तिले सुम्पिएको कार्य जिम्मेवारी पूरा गरी युनिटमा फिर्ता भइसकेको छ। आगामी निर्वाचनका लागि हिमाली जिल्ला जुम्ला, मुगु, हुम्ला, मनाङ, मुस्ताङ, डोल्पा र बाजुरामा सेनाको हवाई साधनद्वारा मतपत्र ढुवानीको कामसमेत पूरा भइसकेको छ।

यसअघि सेनाकै सुरक्षामा सम्पूर्ण मतपत्र छपाइको काम भएको हो। उक्त मतपत्र सुरक्षाका लागि खटिएका १४३ सैनिक जनशक्तिमध्ये आइतवारबाट अत्यावश्यकबाहेक अन्य फिर्ता हुने निर्देशनालयले जनाएको छ। सेनाले हाल १०६ महत्त्वपूर्ण संरचना, कारागार, विमानस्थमा तैनाथ रहेकामा केही दिनभित्रै थप पाँच कार्यस्थलमा खटिँदैछ।

# मतदाता रिझाउन उम्मेदवारहरू घरदैलोमा

प्रस, वीरगंज, २६ कात्तिक/
निर्वाचन नजीकिँदै जाँदा उम्मेदवारहरूले घरदैलो कार्यक्रमलाई नै निरन्तरता दिएका छन्।



यसै क्रममा शनिवार दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले आआफ्नो क्षेत्रको वडाका टोलहरूमा घरदैलो गरेका छन्।

जसपा–एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादव र १ (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार विचारी यादवले वीरगंज–२१ ताजपुरमा घरदैलो गरेका छन्।

यसैगरी, जसपा–एमालेबाट क्षेत्र नं ३ को २ बाट प्रदेशसभा सदस्यकी उम्मेदवार डा मधु गुप्ताले पोखरिया नगरपालिका–४ मा घरदैलो कार्यक्रम गरेकी छन्।

त्यस्तै, क्षेत्र नं २ (२)बाट प्रदेशसभा सदस्यका स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले वीरगंज महानगर–२४ को रामगढवा, बहुअरीमा घरदैलो गरेका छन्।

यसैगरी, क्षेत्र नं २ मा एमाले–जसपा गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार सुरेन्द्र कुर्मी र प्रदेशसभा सदस्यका उम्मेदवार हरेराम पटेलले वीरगंज महानगर–१ र ३ को छपकैयामा घरदैलो गरेका छन्।

यसैगरी, पर्सा क्षेत्र नं १ (२)बाट हाम्रो नेपाली पार्टीबाट प्रदेशसभा सदस्यका उम्मेदवार ओमप्रकाश सर्राफले वीरगंज–१६ नगवामा घरदैलो गरेका छन्।



उनले आफ्नो प्रतिस्पर्धा मुख्यमन्त्रीसँग भएको र मुख्यमन्त्रीले वीरगंजसहित मधेस प्रदेशमैं भ्रष्टाचारमा नाम कमाएको आरोप लगाए।



## पर्सागढीमा वाम....

कार्य गरेको दाबी गरे।

त्यसपछि मधेसीको नाम बेचेर विजयी भएकाले सिन्को पनि नभाँचेको बताए।

पर्सागढी नगर कमिटीका संयोजक विश्वमोहन दास थारूको अध्यक्षतामा भएको चुनावीसभामा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सचिव नागेन्द्र चौधरी, केन्द्रीय सदस्य रामचन्द्र साह, बालगोपाल थापा, माओवादीका केन्द्रीय सल्लाहकार रामाश्रय राम, क्षेत्रीय इन्चार्ज अमिताभ बच्चन दास, पर्सागढी नपाका पूर्वनगरप्रमुख लोकनारायण यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# ब्युटिसियन सेमिनार सम्पन्न

प्रस, वीरगंज, २५ कात्तिक/
ब्रजील हेयर केराटिन क्यारोलेन प्रोफेशन मेकअपसम्बन्धी एक दिने सेमिनार वीरगंजमा सम्पन्न भएको छ।




न्यू मनोकामना जनरल स्टोरको आयोजना तथा नेपाल ब्युटिसियन युनियन पर्सा र राष्ट्रिय सौन्दर्यकर्मी युनियनको सहआयोजनामा आयोजित सेमिनारमा वीरगंजका करीब १५० भन्दा बढी ब्युटिसियनको सहभागिता थियो। सेमिनारमा सहभागीहरूलाई अन्तर्राष्ट्रिय हेयर टेक्निशियन जिग्मी शेर्पाले कपालमा गरिने केराटिन ट्रिटमेन्टसम्बन्धी र लस्ता रञ्जीतकारले मेकअपसम्बन्धी तालीम प्रदान गरेका थिए।

वीरगंजमा महिलाहरूको यस पेशाप्रति आकर्षण बढ्दै गइरहेको हुँदा व्यावसायिकरूपले अघि बढाउने उद्देश्यले सेमिनारको आयोजना गरिएको न्यू मनोकामना जनरल स्टोरका सञ्चालक सज्जन अग्रवालले बताए।

कार्यक्रमबाट सेवाग्राहीहरू अझ बढी लाभान्वित हुने ब्युटिसियन गुड्डी जोशीले बताइन्। उनले वीरगंजमा ब्युटिसियनसम्बन्धी तालीम हुँदै आए पनि अन्तर्राष्ट्रियस्तरका प्रशिक्षकहरूद्वारा भने पहिलोपटक तालीम आयोजना भएको बताइन्। उनले तालीमबाट पेशामा आबद्ध पुराना र नयाँ ब्युटिसियनहरूलाई पनि फाइदा पुगेको बताइन्। उनले पेशालाई तालीमले अझ बढी व्यावसायिक हुन प्रेरित गरेको बताइन्।

सेमिनारमा नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्का, पत्रकारहरू प्रणय कुमार, मुस्कान श्रेष्ठ, कविता खड्का, आनन्द पटेललगायतले सेमिनारको प्रभावकारिता बारेमा चर्चा गरेका थिए।

# मतदानको दिन अत्यावश्यक सेवाका लागि सवारी पास नचाहिने

काठमाडौं, २६ कात्तिक/रासस

मतदानको दिन अत्यावश्यक सेवाका लागि सवारी अनुमतिपत्र लिनु नपर्ने भएको छ। निर्वाचन आयोगले मङ्सिर ४ गते मतदानको दिन अत्यावश्यक सेवाका सवारीसाधन प्रयोग गर्न सवारी अनुमतिपत्र लिनु नपर्ने गरी सहज आवागमनको व्यवस्था गरेको हो।




बिरामी बोकेको एम्बुलेन्स, शववाहन, दमकल, खानेपानीको टयाङ्कर, फोहोरमैला ओसारपसार गर्ने सवारीसाधन, दूध बोक्ने सवारीसाधन, दूरसञ्चार तथा केवल सेवाका लागि प्रयोग हुने सवारीसाधन, अस्पतालमा कार्यरत परिचयपत्रप्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारीसाधनका लागि अनुमति लिनु नपर्ने आयोगले जनाएको छ।

यस्तै, सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिस्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेसपास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचयपत्रवाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारीसाधन निर्बाधरूपमा सञ्चालन हुनेछन्।

निर्वाचन आयोगबाट जारी परिचयपत्रवाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारीसाधन, तरकारी, फलफूल तथा विद्युत् सेवाका लागि प्रयोग हुने सवारीसाधन, कूटनीतिक नियोग, युएन एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थामा कार्यरत पदाधिकारी एवं कर्मचारीले प्रयोग गर्ने नीलो नम्बर प्लेट भएका सवारीसाधन, विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएका सवारीसाधनका लागि पास नचाहिने आयोगले जनाएको छ।

सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारीसाधन, आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारीसाधन मतदानका दिन निर्बाधरूपमा सञ्चालन हुन पाउनेछन्। अत्यावश्यक सेवाका सवारीसाधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने आयोगले जनाएको छ।

# आफ्नो उम्मेदवारी अन्तिमपटकका लागि

जलेश्वर, २६ कात्तिक/रासस

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले यसपटक आफ्नो उम्मेदवारी अन्तिमपटकका लागि रहेको बताएका छन्।



महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दिएका उनले यसपछि आफूले अब निर्वाचन नलड्ने बताएका छन्।

अध्यक्ष ठाकुरले मत माग्ने तथा घरदैलो गर्ने क्रममा मतदातालाई आफूलाई अन्तिमपटकका लागि मत दिन आग्रह गर्दै आएका छन्।

यसअघि विसं २०७४ मा पनि यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका उनी मधेसको पहिचान र हकअधिकारसम्बन्धी केही काम गर्न बाँकी रहेकाले त्यही बाँकी काम गर्नका लागि आफूलाई पुनः एकपटक जिताउन जनतासँग आग्रह गर्दै मत मागिरहेका छन्।

मतदाताले विकासको कुरा गर्दा उनले विकासभन्दा पनि कानून निर्माणका लागि र मधेस तथा मधेसीको हकअधिकार स्थापित गराउनका लागि बढी समय दिने गरेको तर्क गरे। साथै आफूले आफ्नो बजेटले भ्याएसम्म आफ्नो निर्वाचन क्षेत्रमा विभिन्न जातजातिका देवीदेवताको मठमन्दिर, मस्जिद, पर्खाल, घेरा र सडक निर्माणदेखि शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि काम गरेको र अझै पनि गर्दै जाने बताए।


## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ३६ कम्पनीको १५ अर्ब बराबरको आइपिओ पाइपलाइनमा

काठमाडौं, २६ कात्तिक/रासस

शेयरबजार उतारचढावपूर्ण अवस्थामा छ। बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव पनि उस्तै छ।

निर्वाचनको माहोल चरम बिन्दुमा पुगेको छ भने धितोपत्र बजार क्रमशः विस्तार हुने क्रममा छ।

सरकारको सहजीकरण एवं नयाँ कानूनी प्रावधानका कारण साधारण शेयर (आइपिओ) बिक्री गर्न चाहने कम्पनीको सङ्ख्यामा वृद्धि भएको छ। नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको सङ्ख्या मात्रै हेर्ने हो भने साधारण शेयर बिक्री गर्न चाहने ३६ वटा कम्पनी छन्। ती कम्पनीले बिक्री गर्ने शेयरको परिमाण मात्रै रु १५ अर्ब नौ करोड सात लाख १८ हजार बराबरको छ।

साधारण शेयर बिक्री गर्न लागेका कम्पनीमध्ये २६ वटा कम्पनी जलविद्युत् क्षेत्रका छन्। नेपाल स्टक एक्सचेन्जमा जलविद्युत् क्षेत्रका कम्पनीको सङ्ख्या झन्डै चार दर्जन बराबर पुगेको छ। पछिल्ला दिनमा लगातार जलविद्युत् क्षेत्रमा लगानी विस्तार भएको सन्दर्भमा साधारण शेयर बिक्री गर्न चाहने कम्पनीको सङ्ख्यामा वृद्धि हुनु पनि स्वाभाविक नै छ।

मोदी इनर्जी, मेछ्याङ हाइड्रोपावर, अप्पर लोहारे हाइड्रोपावर, माईखोला हाइड्रोपावर, चिर्खुवा हाइड्रो, भूगोल इनर्जी, अप्पर स्याङ्गे, रेवा इनर्जी, सगरमाथा इनर्जीलगायतका जलविद्युत् कम्पनीले साधारण शेयर बिक्री गर्ने तयारी गरेका हुन्।

यस्तै, रिलायबल लाइफ इन्स्योरेन्स, मुक्तिनाथ कृषि कम्पनी, सर्वोत्तम सिमेन्ट, सोनापुर मिरल्स, नेपाल रिपब्लिक मिडिया, डिस मिडिया नेटवर्क, हाथवे इन्भेस्टमेन्ट, ट्रेड टावर, सिटी होटल, घोराही सिमेन्टले पनि साधारण शेयर बिक्रीको तयारी गरेका छन्।

बोर्डका अनुसार बिपिडब्ल्यू लघुवित्त वित्तीय संस्था, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था पनि साधारण शेयर बिक्रीको प्रतीक्षामा छन्। चालू आवको हालसम्म मात्रै बोर्डले विभिन्न पाँच कम्पनीको एक अर्ब चार करोड ६५ लाख ७५ हजार बराबरको शेयर बिक्रीको अनुमति पाइसकेको छ। तीमध्ये केही कम्पनीले साधारण शेयर बिक्री गरिसकेका छन्।

पछिल्लोपटक मात्रै पिपल्स हाइड्रोपावर कम्पनीको साधारण शेयर बिक्री शुरू गरेको छ। कम्पनीले सर्वसाधारण, स्थानीयवासीका लागि रु तीन अर्ब २० करोड बराबरको साधारण शेयर बिक्री गर्ने गरी बोर्डबाट अनुमति पाएको हो।